# नेपाल गरुङ (तमू) महिला संघ

## भूमिका :

गुरुङ जाति नेपाल सरकारद्धारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरु मध्ये एक प्रमुख आदिवासी जनजति हो र यसलाई सुविधाबाट बन्चित समूहमा सुचिकृत गरिएको छ । तमूहरु गण्डक क्षेत्र लगायत नेपालका विभिन्न जिल्लाहरु( सिन्धुपाल्चोक, धनकुटा, इलाम, संखुवासभा, ओखलढुंगा र तराईका विभिन्न जिल्लाहरुमा बसोबास गर्दै आएकाछन । तथ्याङ्क विभागको तथ्याङ्क (२०५८) अनुसार तमूहरुको हालको जनसंख्या जम्मा ५,४३,५७१ रहेको छ । जसमा महिलाहरुको संख्या २,८४,१९५ र पुरुषहरुको संख्या २,५९,३७६ रहेको छ ।

हिन्दु संस्कृतिको प्रभावबाट अन्य जनजाति समुह जस्तै तमू समाज पनि अछुतो रहन सकेन । फलस्वरुप, तमू महिलाहरुको पनि आफ्नो हकहित र उत्थानका लागि सोच्न पर्ने अवस्थाको सिर्जना भएको महशुस गरि तमु महिला संघ गठन गरिएको हो । यस बाहेक तमू भाषा, धर्म र संस्कृतिको संरक्षण र संबर्द्धनका लागि उत्तिकै जिम्मेवार र चिन्तित भएको सन्दर्भमा तमू महिलाबाट हुने नेतृत्वको महशुस सर्वत्र भएको छ ।

नेपाल गुरुङ(तमु) महिला संघ, तमु महिलाहरुको सामाजिक, सँस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्न्द्धन र प्रर्वधन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैर राजनितिक संस्था हो । यो संस्था २०६० सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरुको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ ।

## संस्थाको संरचना :

नेपाल गुरुङ (तमु) महिला संघ (नेगुमसं) को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३ /३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट १३ सदस्यि केन्द्रिय कार्यकारिणी समितीको चयन हुने गर्दछ ।  महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यकमहरुको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

# संगठनिक ढाँचा




## दिर्घकालिन सोच :

तमु महिलाहरुलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातिय, भाषिक, धार्मिक र लैंगिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## ध्येय :

समाजमा रहेका तमु महिलाहरुलाई ग्रामिण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अर्न्तराष्टिय् स्तर सम्म ल्याउन सशक्तिकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातिय विवेदहरुलाई हटाउन योगदान पु-याउनु ।

## उद्देश्यहरु :

१. तमू महिलाहरुलाई महिला हकहित र मानव अधिकार बारे सचेत गराउने ।
२. तमू महिलाहरुलाई तालिम, कार्यशाला गोष्ठी, अर्न्तकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरुद्धारा सशक्तिकरण गराउने ।
३. तमू महिलाहरुलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वहस, पैरवी तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरुको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ/संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।
५. तमू समुदाय माझ लैगिक सचेतना सम्बन्धी कार्यक्रमहरु गर्ने ।
६. आर्थिकरुपमा पिछडिएका तमू महिलाहरुलाई उथ्थान गर्ने खालका परियोजनाहरु संचालन गर्ने ।

## कार्यक्रम/कृयाकलापः

ने.गु.म.स.ले स्थापना काल देखि निम्न कार्यक्रम/कृयाकलापहरु सम्पादन गर्दै आएको छ :

१.भाषा तथा संस्कृति जर्गेना गर्ने खालका कार्यक्रम

- परिषदले आयोजना गरेको ल्होसार पर्वको साँस्कृतिक कार्यक्रममा संयोजकत्व गरेको

२. तमु महिलाहरुलाई आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिकरुपमा सशक्तिकरण गर्ने कार्यक्रम

- रेयूकाई नेपाल र ने.गु.म.स.को संयूक्त आयोजनामा आधारभूत उद्घोषण तालिम संचालन गरेको
- संस्थागत विकास तालिम संचालन गरेको

३. रा.आ.ज.म.मा. द्धारा आयोजित निम्न शिर्षकमा भएका महिला सशक्तिकरण तालिममा सहभागिता :

- संविधानसभा बारे प्रशिक्षक प्रशिक्षण
- महिला अधिकार तथा कानुनी साक्षरता
- क्षमता अभिवृद्धि तालिम
- संस्थागत विकास, संस्थागत व्यवस्थापन तथा सुशासन

४. चेतनाअभिवृद्धि सम्बन्धि कार्यक्रम

- केन्द्रिय समितिका सदस्यहरुको लागि संविधानसभा बारे चेतनामूलक तालिम आयोजना गरेको ।
- उदयपूर र अनामनगरमा संविधानसभा बारे प्रशिक्षक प्रशिक्षण आयोजना गरेको

५. प्रकाशन :

- संस्थाको मुखपत्र *रिमै कायी*
- तमू महिला पकेट डायरी– २००७

६. हाल सम्म ५ जिल्लाहरुमा ने.गु.म.स.जिल्ला समिती गठन गरिएको
– प्रतिष्ठीत गुरुङ महिलाहरुलाई सम्मान कार्यक्रम
– विभिन्न संघसंस्थाहरुमा भ्रमण कार्यक्रम

७. राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, नेपाल जनजाति महासंघ, जनजाति राष्ट्रिय उथ्थान प्रतिष्ठान, राष्ट्रिय आदिवासी जनजाति महिला मंच आदिले आयोजना गरेको कार्यक्रमहरुमा सकिय सहभागिता जनाउदै आएको ।

८.ने.गु.म.स.संग साझा मुद्धाहरु भएका अन्य संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्दै आएको ।

**कार्यक्रमको मुख्य अपेक्षित उपलब्धिहरु :**

१. तमू महिलाहरु आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तिकरण भएका हुनेछन् ।

२. नेपाल गुरुङ (तमु) महिला संघको विभिन्न जिल्ला, गाँउ, र इकाई समितिहरुमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३.तमू महिलाहरुले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४.तमू महिलाहरुको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।
५.तमू महिलाहरुको हक रअधिकार स्थापित भएको हुनेछ ।
६. तमू महिलाहरुको जातीय पहिचान दस्तावेजिकरण भएको हुनेछ ।

**ठेगाना :**

नेपाल गरुङ (तमू) महिला संघ
पोष्ट बक्स नं. ६४२८, काठमाडौं, नेपाल
फोन नं. ४३६४६०८, फ्याक्स ४३५५१२८

**Email** : mabgrg3@hotmail.com